**कार्यक्रम : रा.म.आ. का पूर्व पदाधिकारी तथा सचिवहरूका बीच आयोगको विविध विषयमा छलफल**
**मिति : २०६८/८/१८ गते, *(Dec. 4, 2011)***

मिति २०६८/८/१८ गते राष्ट्रिय महिला आयोगद्वारा आयोगका पुर्व पदाधिकारी तथ सचिवहरूका विच आयोगको वर्तमान कार्यक्रमहरूको जनकारी गराउनका साथै आगामि दिनमा आयोगले के कस्ता कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ भन्ने मुख्य उद्देश्यले छलफल कार्यक्रमको आयोजना गरियो ।

राष्ट्रिय महिला आयोगका सचिव डा. बद्री पोखेलद्वारा छलफल कार्याक्रममा उपस्थीत सवै सहभागिहरूलाई स्वागत गर्नुका साथै पूर्व पदाधिकारी एवं सचिवज्यूहरूले आफ्नो कार्यकालमा चाहेर पनी गर्न नसकेका, साधन र श्रोतका कमिका कारण सम्पन्न हुन नसकेका र भावी दिनहरूमा आयोगले गर्नु पर्ने कार्यहरूको वारेमा छलफल गर्नु नै कार्यक्रमको मुख्य उद्देश्य रहेको प्रष्ट पार्दै आयोगले गरिरको कार्यक्रमहरूको समेत जानकारी गराउनु भयो ।



आयोगका सदस्य मोहना अन्सारीद्वार आयोगले महिला विरूद्ध हुने हिंसाका घटनाहरूको प्रक्रितिहेरी तत्काल अनुगमन गरिनुका साथै हरेक वर्ष विभिन्न जिल्लामा राज्यद्वार प्रदान गरिदै आएका सेवा एवं सुविधामा महिलाको पहुँच विस्तार गर्ने उद्देश्यले सार्वजनिक सुनुवाइ एवं अन्तरक्रियाका कार्यक्रमहरू सञ्चालन गरिदै आएको वतउनु भयो । त्यस्तै आयोगको ऐन, नियमावलि एवं सिडको म्यान्डेड अनुसारनै आयोगका गतिविधिहरू सञ्चालन हुँदै आएको उल्लेख गर्दै भावि दिनहरूमा आयोगले निभाउनु पर्ने भुमिकाका वारेमा अग्रजको भुमिका महत्वपूर्ण हुने उल्लेख गर्दै सुझावको अपेक्षा गर्नू भयो ।

छलफल कार्यक्रममा बोल्दै आयोगका पुर्व सदस्य सिता गिरिले स्थापन कालमा आयोगको ऐन तयारिमा उल्लेख्य योगदान रहेको बताउदै विगत १० वर्षमा राज्यले खेपेको राजनैतिक उथलपुथलका कारण समेत राष्ट्रिय महिला आयोगले उल्लेख्य भुमिका निर्वाह गर्न नसकेको अनुभुती भइरहेकाले अगामी दिनमा आयोगले विभिन्न महिला अधिकारका क्षेत्रमा काम गर्ने संघ/संस्थाहरू संग सहकार्य गरि अगाडी बढेमा देशभर महिला आयोगको पहुँच विस्तारमा समेत सहज हुने बताउनु भयो । त्यस्तै विवादीत विद्यमान कानूनहरू महिला मैत्री बनाउन आयोगद्वारा विशेष पहल गरिनु पर्ने र यसका लागि सवै संघ/संस्था र विभिन्न राजनैतिक दललाई साथ लिएर अगाडी बढ्नु पर्नेमा सो हुन नसकेको बताउनु भयो । त्यस्तै राज्यका हरेक निकायमा महिलाको समान सहभागीता, आमाको नामबाट नागरिकता प्राप्त गर्ने ब्यवस्थालाइ्र सहजीकरण गर्ने र आयोगलाई संवैधानीक बनाउनका लागि महिला आयोगद्वारा विशेष पहल गरिनु पर्ने बताउनु भयो ।

आयोगका पुर्व सदस्य साधना श्रेष्ठले आम नेपाली महिलामा राष्ट्रिय महिला आयोगले महिलाहरूका लागि काम गरिरहेको अनुभुती दिलाउनका निमीत्त आयोगले लक्षीत बर्गमा कार्यक्रमहरू लग्नु पर्ने र महिला हिंसाका घटनाहरूलाई तत्काल अनुगमन गर्नका लागि आयोगमा छुट्टै सम्यन्त्रको निर्माण गरिनु पर्ने विषयमा जोड दिनु भयो ।

आयोगका पुर्व सचिव ऋतुराज भण्डारीले आयोग गठनको उद्देश्य एवं आयोगको कार्य र अवधारणाबारे आयोग प्रष्ट हुनु जरूरी रहेको उल्लेख गर्दै आयोगका भावि कार्य योजनाहरू अपेक्षाको प्रतिविम्व मात्र हुने गरेकाले कार्य योजनाहरू अत्यन्तै उत्कृष्ट रहेको उल्लेख गर्दै क्षमता अभिवृद्धिद्वारा कार्ययोजना सम्पन्न गरिनु पर्नेमा जोड दिनु भयो ।

पुर्व सदस्य धन कुमारी सुनरले आयोगद्वारा राज्यले तयार पारेका निति नियमहरू प्रति नियमित अनुगमन गर्नु पर्ने, महिला मैत्री कानून सुधारका लागि आवश्यक दवाव दिनु पर्ने, राज्यका हरेक निकायमा महिला सहभागित वृद्धिका लागि आवश्यक पहल गरिनु पर्ने र आयोगद्वारा तयार पारिएको ५ वर्षे रणनीतिक योजना मार्ग निर्देशनका लागि प्रयाप्त रहेकाले सोहि अनुरूप आयोगका कार्यक्रमहरू अगाडि बढाउनु पर्ने उल्लेख गर्नु भयो । आयोगको अन्य जिल्लमा शाखा विस्तार गर्न नसकि रहेको अवस्थामा महिला अधिकार अनुगमन राष्ट्रिय संजालको स्वरूप परिवर्तन गरेर भए पनी संजाललाई सुदृढ गर्दै लैजानु पर्ने बताउनु भयो ।

आयोगका पुर्व सदस्य अमुदा श्रेष्ठले आयोगद्वारा विगत १० वर्षमा गरिएका कार्यहरूको विश्लेषण गरि आगामी कार्यक्रम अगाडी बढाउनु पर्ने र आयोगद्वारा गरिएको कामहरू थोरै किन नहोस तर उल्लेखनीय र महिलालाई प्रत्यक्ष लाभ पुग्ने पुग्ने कार्यमा आयोगको ध्यानाकर्षण हुनु पर्नेमा जोड दिनु भयो । त्यस्तै सम्पूर्ण नेपाली महिलामा हामीले हिंसा सहेर बस्नु पर्दैन, हामीले भोगेका हिंसाको प्रतिवाद गर्न राष्ट्रिय महिला आयोगको गठन भएको छ भन्ने अनुभुती दिलाउनका लागि आयोग सक्रिय बन्नु पर्ने उल्लेख गर्नु भयो । विगत १० वर्षमा आयोगले ३ वर्ष ६ महिना मात्र पुर्णता पाउनु, हाल पनि आयोग अपुर्ण अवस्थामा रहनुले आयोगलाई अग्रगती तर्फ लैजान नसक्ने उल्लेख गर्दै यथा शिघ्र आयोगलाई पूर्णता दिइनु पर्नेमा जोड दिनु भयो ।

अन्त्यमा आयोगका अध्यक्ष शेष चाँदतारले राष्ट्रिय महिला आयोगका लागि विज्ञहरूको नियमित सहयोग, समर्थन एवं सुझाव महत्वपूर्ण हुने उल्लेख गर्दै पुर्व सदस्य एवं सचिवज्यूहरूको अमुल्य सुझावले आयोगका भावी कार्यक्रममा महत्वपुर्ण टेवा मिल्ने उल्लेख गर्नुका साथै महिला हिंसा न्युन गर्न अल्पकालीन एवं दिर्घकालिन सोच सहित आफु अघि बढ्ने लक्ष राखेको र पदाधिकारी एवं कर्मचारीको सहयोग र सहकार्यबाट मात्र यो सम्भव रहेको उल्लेख गर्नु भयो । उपस्थीति सम्पुर्ण अतिथि एवं सहभागी सवैलाई धन्यवाद दिदै आयोगका अध्यक्षद्वारा कार्यक्रमको समापन गरियो ।

**कार्यक्रम : सामाजिक कुरीतिहरूका सम्बन्धमा छलफल**
**मिति : २०६८/८/१९ गते, *(Dec. 5, 2011)***
**दिन : सोमबार ।**

मिति २०६८/८/१९ मा राष्ट्रिय महिला आयोग र सोच नेपाल को समन्वयमा लैङ्गिक हिंसा विरूद्धको १६ दिवशीय अभियान अन्तर्गत सामाजिक कुरीतिहरूका सम्बन्धमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सोच नेपालका Executive Director उत्तम निरौलाले हाम्रो देशका कतिपय परम्परा र संस्कृतिले समाजलाई हानी गरिरहेको र देशको कानूनलाई नै चुनौती दिइरहेको अवस्थामा यस्ता कुरितिहरूको कसरी निराकरण गर्नेबारे यस कार्यक्रमको आयोजना गरेको बताउनुभयो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय महिला आयोगका कानून विशेषज्ञ सरज राज थापाले सामाजिक कुरितिहरू मध्ये बोक्सी आरोपलाई महिला विरूद्धको जघन्य अपराधको रूपमा मान्न सकिने र यसको निराकरणको निमित्त बोक्सी आरोपको विधयेक पनि एक वर्ष अगाडि तयार भएर महिला तथा बालबालिका मन्त्रालय पुगिसकेको र यस विधयेक पारित गर्न ज्ञापन पत्र पनि बुझाईसकेको बारे जानकारी दिनुभयो । त्यसैगरी, सर्वोच्च अदालतका रजिस्ट्रार रामकृष्ण तिमिल्सिनाले बोक्सी सम्बन्धि कसूर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकमाथि टिप्पणी गर्दै बोक्सी आरोपको कसूर गर्ने व्यक्तिलाई तोकिएको सजाय अवधि (५ देखि १० वर्षको कैद) निकै धेरै भएकाले कार्यान्वयन हुन नसक्ने र विधयेकमा दण्ड सजायलाई पहिलो प्राथमिकता दिई अगाडि लेख्ने र क्षतिपूर्ति सम्बन्धी व्यवस्थालाई पछाडि लेख्नुपर्ने बताउनुभयो । उहाँले देशमा विद्यमान यस्ता कुरीतिहरूलाई हटाउन जनमानसमा चेतना फैलाउन निकै जरूरी देखिएको पनि बताउनुभयो ।

कार्यक्रममा मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवले आर्थिक विपन्न समाजमा महिलाहरूलाई बोक्सी आरोप लगाई पीडा दिनेभएकोले महिलाहरूलाई चेतनशील र सशक्त बनाउन जरूरी भएको बताउनुभयो । त्यसैगरी कार्यक्रममा उपस्थित व्यक्तित्वहरूले समाजमा कुरीतिजन्य हिंसाको निराकरण गर्न Community based Approach बाट जानुपर्ने र विधयेक पारीत गर्न संघ संस्थाहरू मिलि दबावमूलक कार्यक्रमहरू पनि गर्नुपर्ने कुरा बताए । साथै विधयेक पारीत भएको खण्डमा यसको कार्यान्वयन पक्ष मजबुत बनाउन नेपाल प्रहरी, महिला तथा बालबालिका सेवाकेन्द्रमा कर्मचारीहरू पनि उत्तिकै सचेत र सशक्त हुनुपर्ने बताए ।

अन्त्यमा, आफनो मन्तव्य राख्दै राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराज्यूले देशमा विद्यमान सामाजिक कुरीतिहरूको अन्त्य गर्न बृहत सामाजिक अभियानको खाँचो रहेको र यसमा राष्ट्रिय महिला आयोग सदैव प्रतिबद्ध रहेको कुरा बताउदै कार्यक्रमको समापन गर्नुभयो।

**कार्यक्रम : अनौपचारिक तथा मनोरञ्जनका क्षैत्रमा कार्यरत महिलाहरूको समस्या चुनौती र समाधानका उपाय विषयक अन्तरक्रिया कार्यक्रम**

**मिति : २०६८/८/२० गते, *(Dec. 6, 2011)***

**दिन : मंगलबार ।**

मिति २०६८/८/२० मा राष्ट्रिय महिला आयोग, ओरेक नेपाल र महिलाका निम्ति महिला मञ्चको संयुक्त समन्वय मा अनौपचारिक तथा मनोरञ्जनका क्षेत्रमा कार्यरत महिलाहरूको समस्या चुनौती र समाधानका उपाय विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, नेपाल प्रहरी, मानव अधिकार आयोग, श्रम तथा यातायत व्यवस्था मन्त्रालय लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरू र पत्रकारहरूको सहभागिता रहेको थियो । कार्यक्रम राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराको अध्यक्षतामा सञ्चालन भएको थियो ।

कार्यक्रमको सुरूवातमा ओरेक नेपाल र महिलाका निम्ति महिला मञ्चले तयार पारेको उक्त विषयको कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यपत्रमा अनौपचारिक तथा मनोरञ्जन क्षैत्रमा कार्यरत महिलाहरूको समस्या चुनौतीलाई समावेश गरिएको थियो भने यस्ता क्षेत्रमा हुने यौन उत्पीडन नियन्त्रण गर्न सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका –२०६५ कानूनी रूपमा भएता पनि हालसम्म कार्यान्वयन नहुनु लगायतका विषयलाई पनि प्रष्ट उल्लेख गरिएको थियो । साथै यस्ता क्षेत्रमा अनुगमन समितिहरूबाट पनि अनुगमन नभएको जसको फलस्वरूप महिलाहरूले जोखिमपूर्ण जविन बिताइरहेको कुरा पनि कार्यपत्रमा समावेश गरिएको थियो ।

कार्यक्रमा महिलाका नीम्त महिला मञ्चका सदस्यले बेराजगारी र आर्थिक समस्याका कारण डान्सबारमा काम गर्न बाध्य भएको र निकै शारीरिक एवं मानिसिक समस्या खेप्नुपरेको कुरा बताइन् । उनले सर्वोच्च अदालतको फैसला र निर्देशिका –२०६५ कार्यान्वयन हुनुपर्ने र अनुगमन समितिहरूबाट नियमित अनुगमन हुनुपर्ने कुरा पनि व्यक्त गरिन् । अन्तिममा उनले सबै सामु अनौपचारिक तथा मनोरञ्जनका क्षेत्रमा काम गर्नेलाई सम्मान गरिनुपर्नै र नयाँ बन्ने संविधानमा श्रमिक महिलाहरूको सम्पूर्ण हक अधिकार सुनिश्चित गरिनुपर्ने कुरामा विशेष जोड दिएकी थिइन् ।

महिला अधिकारकर्मी डा. रेणु राज भण्डारीले हाल महिलासंग सम्बन्धित १८ वटा अधिकार हनन् भइरहेको दाबी गर्दै श्रम ऐन, सामाजिक सुरक्षा, पेसाको सुरक्षा र कार्यस्थलमा महिला श्रमिकको सुरक्षाको व्यवस्था राज्यले गर्नुपर्ने बताउनुभयो ।

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका उपसचिव विजयनारायण मान्धरले मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूको संरक्षण र सुरक्षा अत्यन्त जरूरी रहेको बताउनुका साथै उहाँले मन्त्रालय संगको सीमित बजेट र सीमित जनशक्तिबाट महिला बालबालिका र ज्येष्ठ नागरिकको समस्या समाधान गर्नुपर्ने हुँदा महिलाका मात्र सबै समस्या समाधान गर्न नसकिरहेको बताउनुभयो ।

त्यसैगरी, महिलाका निम्ति महिला मञ्चका अध्यक्ष अस्मिता राईले आफ्नो पेसाबाट पलायन नभई जहाँ काम गर्ने हो त्यहाँ महिलाले पाउनुपर्ने अधिकारका बारेमा सबै महिला सचेत हुनुपर्ने बताउनरभयो । त्यसैगरी, राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत ऋतु गर्तौला, नेपाल ट्रेड यूनियन कांग्रेसका प्रतिनिधि केशमाया जोशी, राष्ट्रिय महिला आयोगका सचिव बद्री पोखरेल लगायतले महिलाका समस्या माथि प्रकाश पार्नुभएको थियो ।

अन्तिममा, राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराज्यूले अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा पेसाको स्थायित्व, पारिश्रमिक, परिचय-पत्र, नियुक्ति-पत्र जस्ता महिलाका समस्या रहेको बताउदै ती समस्या समाधान गर्न सरकार, निजी क्षेत्र र महिला एकजुट हुनुपर्नेमा जोड दिनुभएको थियो ।

**कार्यक्रम : नागरिकतामा महिलाको समान अधिकार विषयक खुल्ला संवाद कार्यक्रम**
**मिति : २०६८/८/२१ गते, *(Dec. 7, 2011)***
**दिन : बुधबार ।**

मिति २०६८/८/२१ गतेका दिनमा राष्ट्रिय महिला आयोगद्वारा लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान अन्तर्गत **नागरिकतामा महिलाको समान अधिकार विषयक खुल्ला संवाद** कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा विभिन्न राजनीतिक पार्टिका महिला सभासदहरू, विभन्न दलका महिला संगठन प्रमुख, महिला अधिकार अनुगमन राष्ट्रिय संजालका सदस्य संस्थाका प्रतिनिधिहरू, OHCHR का प्रतिनिधिहरू र पत्रकारहरूको उपस्थिति थियो । कार्यक्रम राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराको अध्यक्षतामा सञ्चालन भएको थियो ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै, राष्ट्रिय महिला आयोगका सदस्य मोना अनसारी ज्यूले नागरिकताको हकमा महिला र पुरूषबीच समान अधिकार नभएको प्रष्ट पार्दै अब बन्ने नयाँ संविधानमा नागरिकतासम्बन्धि महिलाको स्वतन्त्र र समान अधिकारहरूलाई सुनिश्चित गरिनु पर्छ भन्ने मूल उद्देश्यका साथ यस कार्यक्रमको आयोजना गरेको बताउनुभयो । कार्यक्रममा राष्ट्रिय महिला आयोगद्वारा विभिन्न जिल्लामा सम्पन्न गरिएको सार्वजनिक सुनुवाइका क्रममा उठेका नागरिकता सम्बन्धी समस्याहरूलाई समेटेर बनाइएको एउटा भिडियो क्लीप प्रस्तुत गरिएको थियो । उक्त भिडियोमा नेपालका पाँचै विकासक्षेमा रहेका महिलाहरूले नागरिकताको हकमा महिला र पुरूषमा असामनता रहेको, आमाको नाममा नागरिकता पाउने प्रावधान व्यवहारमा नआइसकेको र आजसम्म पनि महिलाहरूले नागरिकताको लागि विभिन्न बन्देजहरूको निरन्तर सामना गर्नुपरेको बताएका थिए ।

कार्यक्रममा भूमिसुधार व्यवस्था राज्य मन्त्री ज्वाला शाहले नागरिकतासम्बन्धि विभेदकारी प्रावधानहरूले महिलाको समानताको अधिकारलाई मात्र प्रभावित नगरेर महिलाको सम्पति प्राप्त गर्न पाउने अधिकार, हिडडुल गर्न पाउने स्वतन्त्रतालाई समेत प्रभावित गरी मर्यादापूर्वक बाँच्न पाउने अधिकारलाई पनि असर गर्ने हुँदा यस्तो असमानताको अन्त्य गर्न राज्यका सबै निकायबाट निरन्तररूपमा बलियो वकालत गर्नुपर्ने बताउनुभयो ।

त्यसैगरी, कार्यक्रममा बोल्दै पूर्वमन्त्री उर्मीला अर्यालज्यूले नागरिकता सम्बन्धी विभेदकारी प्रावधानहरूलाई पितृसत्तात्मक संरचनाको परिणतिको रूपमा हेर्न सकिने बताउनुभयो । उहाँले विदेशी नागरिकसंग विवाह गर्ने नेपाली महिलाहरूलाई आफ्नो पति वा छोराछोरीमा आफनो नागरिकता हस्तान्तरण गर्नबाट रोक्ने विभेदकारी प्रावधानको अन्त्य गर्नपर्नेमा पनि जोड दिनुभएको थियो ।

OHCHR का प्रतिनिधिले कार्यक्रममा प्रस्तुत गरिएको भिडियो क्लीपले हाल महिलाहरूले नागरिकतासम्बन्धि भोगीरहेको समस्यालाई समेटेको बताउनुभयो । उहाँले नागरिकताबाट वञ्चित महिलाहरू सम्पत्ति प्राप्त गर्ने अवसरबाट पनि चुकेको र बेचबिखनबाट प्रभावित महिला र बच्चाहरूको अवस्था त अझै दयनिय रहेको बताउनुभयो ।

अन्तिममा राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराज्यूले नागरिकताको मामिलामा महिलाहरूले पुरूषको दाँजोमा निकै असमानता भेल्नुपरेको उल्लेख गर्नुभयो । उहाँले नेपालको अन्तरिम संविधान २०६३ ले पहिलोपटक आफ्ना छोराछोरीमा वंशजको आधारमा नेपाली नागरिकता हस्तान्तरण गर्न पाउने

महिला तथा पुरूषका अधिकारलाई स्वीकार गरेतापनि नेपाली पुरूषले विदेशी महिला बिहे गर्दा महिलाले आफ्नो विदेशी नागरिकता छोडेकै क्षणमा नेपाली नागरिकता पाउने र हस्तान्तरण गर्न पाउने तर कनै नेपाली महिलाले विदेशी पुरूष बिहे गरीन् भने आफ्नो पति वा छोराछोरीमा आफ्नो नागरिकता हस्तान्तरण गर्नबाट रोक्ने विभेदकारी प्रावधान कायमै रहेको बताउनुभयो । तसर्थ, उहाँले यस्ता विभेदकारी प्रावधानको अन्त्य गर्न निकै जरूरी रहेको बताउँदै कार्यक्रमको समापन गर्नुभयो ।